**आकाशवाणी**

**4th March 2025**

**मुख्य समाचार**

- **प्रधानमन्त्री नरेन्द्र मोदीले सरकारले आत्मनिर्भर भारतको परिकल्पनाका साथ काम गर्दै सुधारहरूको गति तीव्र पारेको भन्नुभएको छ।**
- **राष्ट्रपति द्रौपदी मुर्मूले भारतीय राजस्व सेवाका प्रशिक्षुहरूलाई संबोधित गर्दै सतत् र समावेशी विकासका लागि, संसाधनहरूको प्रबन्धन कुशलता र निष्पक्षताका साथ गरिनुपर्ने सपष्ट पार्नु भएको छ।**
- **रक्षामन्त्री राजरनाथ सिंहले हाइब्रिड युद्ध साईबर र अन्तरिक्ष आदारित बाधाहरू जस्ता अपरम्परागत खतराहरूले सुरक्षा उपकरणहरूकमा लागि चौति प्रस्तुत गरि रहेको भन्नुभएको छ।**
- **सूचना प्रसारण मन्त्री अश्विनी वैष्णवले भारतीय जनसंचार संस्थानको 56 औं दीक्षान्त समारोहलाई संबोधित गर्दै विद्यार्थीहरूसीत आफ्नो काममा ध्यान केन्द्रित गर्न र लक्ष्य तर्फ प्रतिबद्ध रहने आग्रह गर्नुभएको छ।**
- **दुबईमा च्याम्पियनसीप ट्रफी क्रिकेट टुर्नामेन्टको पहिलो सेमी फाइनलमा अस्ट्रेलियाले भारतलाई 265 रनको विजय लक्ष्य राखेकोछ।**

**प्रधानमन्त्री – वेबिनार**

प्रधानमन्त्री नरेन्द्र मोदीले सरकारले आत्मनिर्भर भारतको परिकल्पनाका साथ काम गर्दै सुधारहरूको गति तीव्र पारेको भन्नुभएको छ। उहाँले भन्नुभयो, देशले विगत 10 वर्षहरूमा सुदार, वित्तीय अनुशाषन, पारदर्शिता र समावेशी विकासबारे प्रतिबद्धता निरन्तर प्रदर्शित गरेकोछ। अर्थव्यवस्थामा सूक्ष्म, लघु तथा मध्यम उद्यम एमएसएमई को महत्वबारे श्री मोदीले भन्नुभयो, यसले देशको आर्थिक वृद्धिमा परिवर्तनकारी भूमिका खेल्छ। प्रधानमन्त्रीले आज विकासको संचालकको रूपमा एमएसएमई, विनिर्माण, विपति र परमाणु ऊर्जा मिशन, लगानी र व्यापार संबधी सुगमतारा सुधारहरूबारे आयोजित बजट पछिको वेबिनारलाई संबोधित गर्नुभयो। प्रधानमन्त्रीले निरन्तर सुधारहरूले उद्योग जगतमा नयाँ विश्वास उत्पन्न गरेको भन्नुभयो। उहाँले भन्नुभयो, सरकारका प्रयासहरूले गर्दा, अर्थव्यवस्थामाथि कोविडको प्रभाव कम भएको छ।

**राष्ट्रपति –IRS प्रशिक्षु**

राष्ट्रपति द्रौपदी मुर्मूले सतत र समावेशी विकासका लागि संसाधनहरूको प्रबन्धन, कुशलता र निष्पक्षताका साथ गरिनुपर्ने स्पष्ट पार्नुभएको छ। आज राष्ट्रपति भवनमा भारतीय राजस्व सेवाका अधिकारी प्रशिक्षुहरूलाई संबोधित गर्दै श्रीमती मुर्मूले यस्तो भन्नुभयो।

उहाँले भन्नुभयो, देशको पूर्वाधार बढ़ि रहेको छ डिजीटल कनेक्टीभिटी अंतराललाई कम पारी रहेकोछ। राष्ट्रपतिले भारतीय राजस्व सेवा अधिकारीहरूको कार्य, शासन र कल्याणका निम्ति सबभन्दा महत्वपूर्ण कार्यहरू मध्ये एकहो भन्नुभयो। श्रीमती मुर्मूले परिवर्तनकारी समय बढ़दै गरेको आशा अपेक्षा अनि सरकारी पहलहरूले नयाँ युगको शुरूवात गरेको भन्नुभयो, जसमा बढ़ि दक्षता पारदर्शिता र सुविधाछ।

**बेल्जियम राजकुमारी**

बेलजियमको राजकुमारी ऐस्ट्रडले प्रधानमन्त्री नरेन्द्र मोदीका साथ नयाँ दिल्लीमा आज भेट गर्नुभयो। सोसियल मिडिया पोस्टमा श्री मोदीले भारतीय पहलमा बेल्जियम की राजकुमारीको तीन सय सडसीय आर्थिक मिशनको नेतृत्वको प्रशंसा गर्नुभयो। श्री मोदीले भन्नुभयो, उहाँले दुवै देशका नागरिकहरूका लागि व्यापार प्रोद्योगिकी, रक्षा कृषि, शैक्षिक आदान प्रदानका तथा साझेदारीहरू मार्फत अवसरहरू खोलिने आशा राख्नुभएको छ।

**रक्षा मन्त्री सगोष्ठी**

रक्षामन्त्री राजनाथ सिंहले हाईब्रिड युद्ध साइबर र अंतरिक्ष आधारित बाधाहरू जस्ता अपरम्परागत खतराहरूले सुरक्षा उपकरणहरूका लागि चुनोंति प्रस्तुत गरी रहेका छन् भन्नुभएको छ। आंतरिक तथा बाहरी सुरक्षा बीच तारतम्य न बनेको कारण विश्वमा सुरक्षाको स्थिति जटिल भई सकेको छ, उहाँले भन्नुभयो। नयाँ दिल्लीमा आज आन्तरिक सुरक्षाका लागि अग्रिम प्रोद्योगिकीबारे एक संगोष्ठीमा रक्षामन्त्रीले सरकार सहयोगात्मक पाराले संस्थानहरूका साथ मिलेर काम गर्ने प्रयास गरी रहेको छ भन्नुभयो।

**वैष्णव** – IIMC

सूचना प्रसारण मन्त्री  अश्विनी वैष्णवले विद्यार्थीहरूसित आफ्नो काममा ध्यान केन्द्रित गर्ने र लक्ष्य तर्फ प्रतिबद्ध रहने आग्रह गर्नुभएको छ। श्री वैष्णवले नयाँ दिल्लीमा भारतीय जनसंचार संस्थानको 56 औं दीक्षान्त समारोहलाई संबोधित गर्दै वर्तमानमा, मीडियाको पूरा दुनिया परिवर्तन भई रहेको भन्नुभयो। उहाँले विद्यार्थीहरूसित राष्ट्रलाई संधै पहिले राख्न भन्नुभयो।श्री वैष्णवले संस्थानलाई अत्याधुनिक सुविधाहरूबाट सुसज्जित एउटा विश्व स्तरीय मीडिया संस्थान बनाउने कुरा दोहयाउनुभयो। मंत्री वैष्णवले कार्यक्रममा वर्ष 2023-24 बिचका 4 सय 78 पत्रकारिता विद्यार्थीहरूलाई स्नातकोत्तर डिप्लोमा प्रदान गर्नुभयो। साथै शैक्षणिक उत्कृष्टताका लागि 36 विद्यार्थीहरूलाई पदक र नगद पुरस्कार प्रदान गरियो।

CEC-CEO **सम्मेलन**

मुख्य निर्वचन आयुक्त ज्ञानेश कुमारले सबै मुख्य निर्वाचन अधिकारीगण, जिल्ला निर्वाचन अधिकारीहरू तथा बूथ स्तरका अधिकारीहरूसित सबै वैधानिक दायित्वहरूलाई पार्दर्शिता र लगनका साथ पूरा गर्ने आह्वान गर्नुभएको छ। श्री ज्ञानेश कुमारले आज नयाँ दिल्लीमा सबै राज्य र केन्द्र शासित प्रदेशहरूका मुख्य निर्वाचन अधिकारीहरूको दुई दिवसीय सम्मेलनलाई संबोधित गर्दै हुनुहुन्थ्यो। उहाँले अधिकारीहरूलाई राजनीतिक दलहरूका प्रति सुलभ र उत्तरदायी हुने निर्देश दिनुभयो। देशका 18 वर्ष भन्दा बढ़ि आयुका सबै नागरिकहरूलाई मतदाताको रूपमा पंजीकृत हुन सुनिश्चित गर्न उहाँले अधिकारीहरूलाई भन्नुभयो।

**ग्राम पंचायत –महिला**

पंचायती राज मंत्रालयले भोलि नयाँ दिल्लीमा एक राष्ट्रीय सम्मेलनमा महिला अनुकूल ग्राम पंचायत मोडलको थालनी गर्नेछ। यो पहल, मंत्रालयको अंतर्राष्ट्रिय महिला दिवस 2025 समारोहको एक भाग हो।यसको उद्देश्य, प्रत्येक जिल्लामा कम्तीमा महिला अनुकूल एउटा ग्राम पंचायत स्थापित गर्नु हो। यसले लंशिक – संवेदनशील र बालिका अनुकूल शासन प्रथाहरूका लागि एक प्रकाशस्टमको रूपमा कार्य गर्नेछ। कार्यक्रममा पंचायती राज्य मंत्री SP Singh Baghel, स्वास्थ्य तथा परिवार कल्याण राज्य मंत्री अनुप्रिया पटेल तथा विभिन्न मंत्रालय, विभाग अनि संयुक्त राष्ट्र जनसंख्या कोष जस्ता अंतर्राष्ट्रीय संगठनहरूका प्रतिनिधि उपस्थित रहनेछन्।

**राष्ट्रिय आपदा प्रबन्धन – भूकम्प**

राष्ट्रिय आपदा प्रबन्धन संस्थान तथा राष्ट्रिय आपदा प्रबन्धन प्राधिकरणले आज नयाँ दिल्लीमा भूकम्प जोखिम न्यूनीकरणका लागि क्षमता निर्माण कार्यक्रमबारे एक दिवसीय कार्यशालाको आयोजन गर्यो। यसमा भूकम्पमा बेला तयारीहरूमा सुधार तथा क्षति नियन्त्रणलाई कम पार्नबारे छलफल भयो।

**क्रिकेट** ICC Championship

दुबईमा चेंपियन ट्रफी क्रिकेट टुर्नामेन्टको पहिलो सेमी फाइनलमा अष्ट्रेलियाले भारतलाई 265 रनको विजय लक्ष्य दिएको छ। भोलि हुने दोस्रो सेमी फाइनलमा लाहोरमा, निउजिल्याण्ड को मुकाब्ला दक्षिण अफ्रीकासित हुनेछ। फाइनल गैम आईतबार खेलिनेछ।

**एशियाली योगासन चम्पियनशीप**

युवा अनि खेल मंत्रालयले भारतीय खेल प्राधिकरण तथा योगासन भारतको सहयोगमा दोस्रो एशियाली योगासन चैम्पियनशीपको आयोजनको घोषणा गरेकोछ। यो आयोजन 29 देखि 31 मार्च सम्म नयाँ दिल्लीको इंदिरा गांधी स्टेडियममा हुनेछ।

- **प्रधानमन्त्री नरेन्द्र मोदीले सरकारले आत्मनिर्भर भारतको परिकल्पनाका साथ काम गर्दै सुधारहरूको गति तीब्र पारेको भन्नुभएको छ।**
- **राष्ट्रपति द्रौपदी मुर्मूले भारतीय राजस्व सेवाका प्रशिक्षुहरूलाई संबोधित गर्दै सतत् र समावेशी विकासका लागि, संसाधनहरूको प्रबन्धन कुशलता र निष्पक्षताका साथ गरिनुपर्ने सपष्ट पार्नु भएको छ।**
- **रक्षामन्त्री राजरनाथ सिंहले हाइब्रिड युद्ध साईबर र अन्तरिक्ष आदारित बाधाहरू जस्ता अपरम्परागत खतराहरूले सुरक्षा उपकरणहरूकमा लागि चौति प्रस्तुत गरि रहेको भन्नुभएको छ।**
- **सूचना प्रसारण मन्त्री अश्विनी वैष्णवले भारतीय जनसंचार संस्थानको 56 औं दीक्षान्त समारोहलाई संबोधित गर्दै विद्यार्थीहरूसीत आफ्नो काममा ध्यान केन्द्रित गर्न र लक्ष्य तर्फ प्रतिबद्ध रहने आग्रह गर्नुभएको छ।**
- **दुबईमा च्याम्पियनसीप ट्रफी क्रिकेट टुर्नामेन्टको पहिलो सेमी फाइनलमा अस्ट्रेलियाले भारतलाई 265 रनको विजय लक्ष्य राखेकोछ।**